# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या ९/०७८/०७९ (११९) मिति २०७८/१२/०९ गते ।

प्रस्तावहरु:

१. उत्कृष्ट नगरपालिका घोषणा सम्बन्धमा ।
२. अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणीकरण नगरपालिका घोषणा सम्बन्धमा ।
३. देवदह नगरपालिका र तिलोत्तमा नगरपालिकाको लागत साझेदारीमा रोहिणी जलासयमा पर्यटकीय पूर्वाधारको डिपीआर तयार गर्ने सम्बन्धमा ।
४. तिलोत्तमा बहुउद्देश्यीय टावरको लागि ट्रान्सफर्मर र टेलिस्कोप खरिद सम्बन्धमा ।
५. लुम्बिनी विशिष्टिकृत सहकारी संघ लि.को लागि छुट गर्ने विषय सम्बन्धमा ।
६. शिक्षा समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
७. स्केटिङ्ग एकेडेमीलाई जग्गा सिफारिस गर्ने सम्बन्धमा ।
८. प्रोत्साहन सुविधा उपलब्ध गराइएका कर्मचारीहरुलाई दिइने नियुक्ति अनुमोदन सम्बन्धमा ।
९. योजना कार्यान्वयन पश्चात बचत रकमको थप काम गराउने सम्बन्धमा ।
१०. सवारी साधन (मोटरसाइकल/स्कुटी) तथा ल्यापटप/कम्प्युटर खरिद सम्बन्धमा ।
११. सम्मान तथा पुरस्कार सिफारिस समितिको निर्णयहरु अनुमोदन सम्बन्धमा ।
१२. EFLG कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा ।
१३. तिलोत्तमा लगानी सम्मेलन-२०७६ मा दुर्घटना भई क्षती भएको सवारी साधनको लागि राहत उपलब्ध गराउने सम्बन्धमा ।
१४. बुटवल चेम्बरको कृषि मेलामा सौजन्य सम्बन्धमा ।
१५. पशु बधशालाको प्रारम्भिक बातावरणीय परीक्षणको TOR स्वीकृत गर्ने सम्बन्धमा ।
१६. गौतमबुद्ध कवर्डहलको बजेट सम्बन्धमा ।
१७. लुम्बिनी बौद्ध विश्वविद्यालयलाई विद्यार्थी छात्रवृत्ति सहयोग सम्वन्धमा ।
१८. लुम्बिनी विशिष्टिकृत सहकारी संघ लि.को परियोजनाको लागि शेयर खरिद गर्ने सम्बन्धमा ।
१९. विपद् व्यवस्थापन समितिको निर्णयहरु अनुमोदन सम्बन्धमा ।
२०. जनप्रतिनिधिहरुको ५ वर्षे कार्यकाल समीक्षा सम्वन्धमा ।
२१. नदीजन्य पदार्थको रकम फिर्ता सम्बन्धमा ।
२२. नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को लागि जग्गा सिफारिस सम्बन्धमा ।
२३. गौशालासँगको लागत साझेदारी सम्बन्धमा ।
२४. योजना संशोधन/नाम परिवर्तन सम्बन्धमा ।
२५. संचारिका समूहको अक्षयकोष सम्बन्धमा ।
२६. नगर खेलकुद विकास समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
२७. योजनाको म्याद थप सम्बन्धमा ।
२८. आनन्दवन, विपी ग्राम र सेमरा बजार स्वास्थ्य चौकीको स्तर उन्नती सम्बन्धमा ।
२९. छुट प्रोत्साहन सुविधा सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं.-१

- नेपाल नगरपालिका संघको २९ औ वार्षिकोत्सवको उपलक्ष्यमा (आ.व.२०७७/०७८) यस नगरपालिकाले सामाजिक विकास क्षेत्रमा गरेको उल्लेख्य कार्य सम्पादनको उच्च मूल्याङ्कन गर्दै उत्कृष्ट नगरपालिका पुरस्कार-२०७८ बाट पुरस्कृत भई सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्रमाणपत्र प्रदान गर्नु भएकोले उक्त कार्यमा पुरस्कृत भए वापत सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यू, नेपाल नगरपालिका संघ लगायत सरोकारवाला सबैमा हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्ने निर्णय गरियो । साथै उक्त कार्यमा सहयोग पुर्याउनुहुने सम्पूर्ण राजनैतिक दल, कार्यपालिका सदस्य, नगर सभाका सदस्य, प्रमुख प्रशासकीय अधिकृत सहित सम्पूर्ण कर्मचारी, संचारकर्मी, टोल विकास संस्थाका पदाधिकारी, निजी क्षेत्र, सहकारी क्षेत्र, उद्योगी, व्यवसायी लगायतका सबै नगरबासीलाई धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं. २

- अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणीकरण International Organization for Standardization गर्ने संस्था United Accreditation Foundation (UAF) को नेपालको आधिकारिक प्रतिनिधिको सिफारिसमा यस नगरपालिकालाई मिति २०७८/१२/०८ गते औपचारिक रुपमा अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणीकरण नगरपालिका (ISO 9001:2015 Certified Municipality) घोषणा कार्यक्रम आयोजना गरी प्रमाणपत्र हस्तान्तरण गरियो । साथै यस नगरपालिकालाई नेपालमै पहिलो अन्तराष्ट्रिय गुणस्तर प्रमाणीकरण नगरपालिका बनाउने कार्यमा सहयोग पुर्याउनुहुने UAF, ISO Certification Nepal, सम्पूर्ण कार्यपालिका सदस्य, नगर सभाका सदस्य, प्रमुख प्रशासकीय अधिकृत सहित सम्पूर्ण कर्मचारी, राजनैतिक दल, संचारकर्मी, निजी क्षेत्र, लगायतका सबै नगरबासीहरुलाई कृतज्ञता तथा धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं. ३

- देवदह नगरपालिका र तिलोत्तमा नगरपालिकाको आधा आधा लागत साझेदारीमा रोहिणी जलासयमा पर्यटकीय पूर्वाधारको डिपीआर निर्माणको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ४

- तिलोत्तमा नगरपालिकाको लगानीमा बनबाटीकामा निर्मित तिलोत्तमा बहुउद्देश्यीय टावरबाट विभिन्न स्थानको दृश्यवलोकन गर्न सकिने गरी पर्यटकीय हवको रुपमा विकास गर्न आवश्यक ट्रान्सफर्मर र टेलिस्कोपको खरिद प्रक्रिया नियमानुसार अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ५

- लुम्बिनी विशिष्टिकृत सहकारी संघ लि.को च.नं. ७०, मिति २०७८/११/०९ गतेको पत्रानुसार तिलोत्तमा वडा नं.-६ मा निर्माणका लागि प्रस्तावित सहकारीले बहाल कर छुटका सम्बन्धमा जानकारी लिइयो । साथै बहाल कर छुटका लागि आगामी नगरसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।



वासुदेव घिमिरे
नगर प्रमुख

निर्णय नं. ६

- नगर शिक्षा समितिको मिति २०७८/१२/०२ गते बसेको बैठकको निर्णय नं. १, २ र ३ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

- तिलोत्तमा नगरपालिका, वडा नं.-४ को प.सं.२०७८/०७९, च.नं.२६८१, मिति २०७८/१२/०६ गतेको सिफारिस अनुसार पूर्वमा सिर्जनशील समाजले बाल उद्यान निर्माण गर्न लागेको जग्गा, पश्चिम तिनाउ करिडोर, दक्षिण ध्रुव पथ तिनाउ करिडोर जोड्ने प्रस्तावित बाटो तथा उत्तर मिलन आमा समूहले पार्क निर्माण गरेको जग्गा सिमाना पर्ने साविक आनन्दवन ३ ज को कि.नं. २१ मा पर्ने गरी करिब ८ कट्ठा जग्गा स्केट एड नेपाललाई स्केट पार्क निर्माण प्रयोजनार्थ उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

**तिलोत्तमा नगरपालिकामा कार्यरत साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८** को दफा (७) बमोजिम गठन भएको समितिको मिति २०७८।१२।०१ गतेको सिफारिसमा कार्यालयको २०७८/१२/०२ गतेको निर्णयबाट साविक स्थानीय निकायबाट समायोजन तथा स्वतः समायोजन भएका देहायका कर्मचारीहरुलाई २०७८ चैत्र २ गते देखि लागु हुने गरी देहाय बमोजिमको **प्रोत्साहन सुविधा (तहबृद्धि वा ग्रेडथप)** उपलब्ध गराउने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र. सं. | कर्मचारीको नाम थर | ठेगाना | हालको सेवा, तह/स्तर र पदको विवरण | प्रोत्साहन सुविधा | प्रोत्साहन पश्चातको सेवा, तह/स्तर र पदको विवरण |
|---|---|---|---|---|---|
| १ | इन्द्र दत्त सापकोटा | तिलोत्तमा-६, रुपन्देहीं | सेवा : प्रशासन<br>स्तर र तह : अधिकृत छैंठौ<br>पद : आ.ले.प.अधिकृत | एक तहवृद्धि | सेवा : प्रशासन<br>स्तर र तह : अधिकृत सातौ<br>पद : शाखा अधिकृत |
| २ | सिता घिमिरे भण्डारी | धुरकोंट-८, गुल्मी | सेवा : प्रशासन<br>स्तर र तह : अधिकृत छैंठौ<br>पद : अधिकृत छैंठौ | एक तहवृद्धि | सेवा : प्रशासन<br>स्तर र तह : अधिकृत सातौ<br>पद : शाखा अधिकृत |
| ३ | प्रदीप वन | बडीगाड गाउँपालिका-२, बाग्लुङ्ग | सेवा : प्राविधिक<br>स्तर र तह : अधिकृत छैंठौ<br>पद : सिभिल ईन्जिनियर | एक तहवृद्धि | सेवा : प्राविधिक<br>स्तर र तह : अधिकृत सातौं<br>पद : बरिष्ठ ईन्जिनियर |
| ४ | मनिस खनाल | ओमसतिया -१, रुपन्देही | सेवा : प्राविधिक<br>स्तर र तह : अधिकृत छैंठौ<br>पद : आर्किटेक्ट ईन्जिनियर | एक तहवृद्धि | सेवा : प्राविधिक<br>स्तर र तह : अधिकृत सातौं<br>पद : बरिष्ठ ईन्जिनियर |
| ५ | जमुना घिमिरे गौतम | तिलोत्तमा - ४ रुपन्देही | सेवा : प्रशासन<br>स्तर र तह : सहायक पाँचौ<br>पद : लेखापाल (विशेष) | एक तहवृद्धि | सेवा : प्रशासन<br>स्तर र तह : अधिकृत छैंठौ<br>पद : लेखा अधिकृत (विशेष) |



जवाली

घिमिरे

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सीता भण्डारी | बुटवल-१२ नयाँगाउ, रुपन्देही | सेवा : प्रशासन<br>स्तर र तह : सहायक पाँचौ<br>पद : सहायक पाँचौ | एक तहवृद्धि | सेवा : प्रशासन<br>स्तर र तह : अधिकृत छैंठौ<br>पद : अधिकृत |
| ७ | अनिता ज्ञवाली शर्मा | बुटवल-१३ बेलवास, रुपन्देही | सेवा : प्रशासन<br>स्तर र तह : सहायक पाँचौ<br>पद : सहायक पाँचौ | एक तहवृद्धि | सेवा : प्रशासन<br>स्तर र तह : अधिकृत छैंठौ<br>पद : अधिकृत |
| ८ | कमल खड्का | रिब्दीकोट-८, पाल्पा | सेवा : प्राविधिक<br>स्तर र तह : सहायक पाँचौ<br>पद : सब-ईन्जिनियर | एक तहवृद्धि | सेवा : प्राविधिक<br>स्तर र तह : अधिकृत छैठौं<br>पद : ईन्जिनियर |
| ९ | शोभा खनाल | बुटवल-१२, नयाँगाउ, रुपन्देही | सेवा : प्रशासन<br>स्तर र तह : सहायक चौथो<br>पद : सहायक चौथो | एक तहवृद्धि | सेवा : प्रशासन<br>स्तर र तह : सहायक पाँचौ<br>पद : सहायक पाँचौ |
| १० | कल्याण जंग अधिकारी | सुनवल-१, नवलपरासी | सेवा : प्राविधिक<br>स्तर र तह : सहायक चौथो<br>पद : अ.सव-ईन्जिनियर | एक तहवृद्धि | सेवा : प्राविधिक<br>स्तर र तह : सहायक पाँचौ<br>पद : सव-ईन्जिनियर |
| ११ | विष्णु प्रसाद बराल | पोखरा-२२, कास्की | सेवा : प्रशासन<br>स्तर र तह : सहायक चौथो<br>पद : स. कम्प्युटर अपरेटर | एक तहवृद्धि | सेवा : प्रशासन<br>तह : सहायक पाँचौ<br>पद : कम्प्युटर अपरेटर |
| १२ | सबिर खनाल | बुद्धभुमी न.पा.-४, रुपन्देही | सेवा : प्राविधिक<br>स्तर र तह : सहायक चौथो<br>पद : अमिन | २ ग्रेड थप | सेवा : प्राविधिक<br>स्तर र तह : सहायक चौथो<br>पद : अमिन |
| १३ | हरि प्रसाद खतिवडा | तिलोत्तमा-८ रुपन्देही | सेवा : प्रशासन<br>स्तर र तह : सहायक चौथो<br>पद : सहायक चौथो | एक तहवृद्धि | सेवा : प्रशासन<br>स्तर र तह : सहायक पाँचौ<br>पद : सहायक पाँचौ |
| १४ | हेमलाल न्यौपाने | तिलोत्तमा - १३ रुपन्देही | सेवा : प्रशासन<br>स्तर र तह : सहायक चौथो<br>पद : सहायक चौथो | एक तहवृद्धि | सेवा : प्रशासन<br>स्तर र तह : सहायक पाँचौ<br>पद : सहायक पाँचौ |
| १५ | मान बहादुर खाती | तिलोत्तमा - १६ रुपन्देही | सेवा : प्रशासन<br>स्तर र तह : सहायक चौथो<br>पद : सहायक चौथो | एक तहवृद्धि | सेवा : प्रशासन<br>स्तर र तह : सहायक पाँचौ<br>पद : सहायक पाँचौ |
| १६ | कृष्ण बहादुर क्षेत्री | तिलोत्तमा-१, रुपन्देही | सेवा : प्राविधिक<br>स्तर र तह : सहायक चौथो<br>पद : विद्युत प्राविधिक( | २ ग्रेडवृद्धि | सेवा : प्राविधिक<br>स्तर र तह : सहायक चौथो<br>पद : विद्युत प्राविधिक( विशेष) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विशेष) | | |
| १७ | शिव प्रसाद उपाध्याय | बुटवल -१६, रुपन्देही | सेवा : प्राविधिक<br>स्तर र तह : सहायक चौथो<br>पद : विद्युत प्राविधिक ( विशेष) | एक तहवृद्धि | सेवा : प्राविधिक<br>स्तर र तह : सहायक पाँचौ<br>पद : विद्युत प्राविधिक ( विशेष) |
| १८ | मीरा केसी कार्की | सिद्धार्थनगर-१२, रुपन्देही | सेवा : प्रशासन<br>स्तर र तह : सहायक चौथो<br>पद : सहायक चौथो | २ ग्रेडवृद्धि | सेवा : प्रशासन<br>स्तर र तह : सहायक चौथो<br>पद : सहायक चौथो |
| १९ | नन्द कुमारी गुरुङ्ग | तिलोत्तमा -१५ रुपन्देही | स्तर : प्रथम<br>पद : कार्यालय सहयोगी | २ ग्रेडवृद्धि | स्तर : दोस्रो<br>पद : कार्यालय सहयोगी |
| २० | माया राई | तिलोत्तमा -११ रुपन्देही | स्तर : प्रथम<br>पद : कार्यालय सहयोगी | २ ग्रेडवृद्धि | स्तर : दोस्रो<br>पद : कार्यालय सहयोगी |
| २१ | टेक बहादुर चौधरी | सियारी-१, रुपन्देही | स्तर : तृतिय<br>पद : हलुका सवारी चालक | २ ग्रेडवृद्धि | स्तर : तृतिय<br>पद : हलुका सवारी चालक |
| २२ | मुक्ति प्रसाद अर्याल | भिरकोट-५ स्याङ्गजा | स्तर : तृतिय<br>पद : कार्यालय सहयोगी | २ ग्रेडवृद्धि | स्तर : तृतिय<br>पद : कार्यालय सहयोगी |
| २३ | डेग बहादुर सुवेदी | तिलोत्तमा-१४ रुपन्देही | स्तर : तृतिय<br>पद : कार्यालय सहयोगी | २ ग्रेडवृद्धि | स्तर :: तृतिय<br>पद : कार्यालय सहयोगी |

निर्णय नं.-९

- चालु आ.व. ०७८/०७९ को प्रथम नगरसभाबाट विनियोजित निम्नानुसारका योजनाहरु कार्यसम्पादन भई बाँकी रहेको बचत रकमबाट सोही योजनामा थप काम गर्न तपसिलका योजनाहरुमा विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.न. | योजनाको नाम | वडा न. | बचत रकम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | बिभिन्न सडक मर्मत तिलोत्तमा वडा नं. ९ शीर्षकबाट | ९ | २५७८१४२।७४ | | |
| | क) वडा भरीका बाटोमा मिस्कट राख्नका लागि | | | रु. १५०००००/- | |
| | ख) वडा भरीका बाटोहरुमा आवश्यकता अनुसार कालोपत्रे मर्मतका लागि खर्च गर्ने | | | १०७८०००/- | |
| २ | बिजयनगर हात्तिमन्दिर देखि दधिरामको घरसम्म सडक कालोपत्रे १२ | १२ | ११५६२५८।४६ | ११५६००० | |
| ३ | रेनु गाहाको घर देखि गोमा नेपालको घर सम्म सडक कालोपत्रे | १२ | १५५३४१०।५७ | १५५३००० | साविकका |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | पूर्वदरखसवा सडक कालोपत्रे वडा नं.१७ | १७ | ८९०८९० | ८००००० | योजनाहरु कार्यान्वय गर्ने |
| ५ | मोक्षधाम सेवा आश्रम पूर्वाधार निर्माण | ६ | २९३०८८०।५ | २९३०००० | |
| ६ | वडा नं.६ का बिभिन्न सडम मर्मत (दोश्रो प्याकेज)बाट बचत रकम बैकुण्ठ पथ र कारखाना पथ स्तरोन्नतिमा खर्च गर्ने | ६ | ११९८६७७।८५ | ११९८००० | |
| ७ | मानव सेवा आश्रम पूर्वाधार निर्माण | ६ | ३३९६८७९।३१ | ३३९६००० | |
| ८ | वडा नं. १० का बिभिन्न सडक मर्मत | १० | ३५७५७२३।०१ | ३५७५००० | |
| ९ | मोहनाजोत कल्भट देखि मद्रहानी सडक मर्मत तथा कालोपत्रे | ११ | ३३४२६८२।६८ | ३३४२००० | |
| १० | प्रगतीपथ सडक कालोपत्रे | १५ | १०९४७७४।८४ | १०९४००० | |
| ११ | शिद्धार्थ राजमार्ग पश्चिम अनाथ अश्रम जाने सडक कालोपत्रे | १५ | १६२६२२३।४५ | १६२६००० | |
| १२ | श्री जनजागृति मा.बि. भवन निर्माण | २ | २८३४७१९।९१ | २८३४००० | |
| १३ | गौशाला निर्माण कार्य | १ | १३०३६०६।८२ | १३०३००० | |
| १४ | जुटापानी कल्भर्ट देखि जोगिया चोक सडक कालोपत्रे मर्मत | १२ | ११५५१८४ | ११५५००० | |
| १५ | पशु सेवा केन्द्र भवन निर्माण | १२ | २४६०६३ | १००००० | |
| १६ | पशु सेवा केन्द्र भवन निर्माण | १२ | २४६०६३ | १४६००० | बचत रकम आनन्दवन स्वास्थ्य चौकी मर्मतमा खर्च |
| १७ | वडा नं.-४ का विभिन्न सडक मर्मत | ४ | ७२०५७ | ७२०५७ | |

निर्णय नं. १०

- नगरपालिकामा कार्यरत प्राविधिक लगायतका कर्मचारीहरुको कार्यालय कामकाज प्रयोजनार्थ आवश्यक पर्ने सवारी साधन (मोटरसाइकल/स्कुटी) तथा ल्यापटप/कम्प्युटर जस्ता साधन तथा समानहरु कन्टिन्जेन्सीबाट खर्च गर्ने गरी खरिद प्रक्रिया नियमानुसार अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ११

- मिति २०७८/१२/०७ गतेको सम्मान तथा पुरस्कार सिफारिस समितिबाट पेश भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो । साथै, समितिबाट प्रस्तावित तपसिल बमोजिम नगद पुरस्कार प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | शीर्षक | संख्या | रकम |
|---|---|---|---|
| १ | उत्कृष्ट कर्मचारी | ४ | १५ हजारका दरले |
| २ | उत्कृष्ट स्वास्थ्यकर्मी | १ | १५ हजारका दरले |

| | | | |
|---|---|---|---|
| ३ | उत्कृष्ट नगर प्रहरी | १ | १५ हजारका दरले |
| ४ | उत्कृष्ट कृषक | २ | १० हजारका दरले |
| ५ | उत्कृष्ट सरसफाइकर्मी | १ | १५ हजारका दरले |
| ६ | उत्कृष्ट उद्यमी | २ | १० हजारका दरले |
| ७ | उत्कृष्ट पत्रकारीता पुरस्कार | २ | २५ हजारका दरले |
| ८ | आइसोलेन संचालन गरेका विद्यालयहरु | २ | ५० हजारका दरले |
| ९ | उत्कृष्ट टोल विकास संस्था | ५ | २५ हजारका दरले |

निर्णय नं. १२

- नगरको स्वच्छता, व्यवस्थित शहरी विकास, हरियाली प्रवर्द्धन लगायत विविध पक्षको विकास मार्फत यस नगरपालिकालाई वातावरणमैत्री नगरपालिका बनाउन वातावरणमैत्री स्थानीय शासनका सूचकहरु क्रमश कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

- तिलोत्तमा लगानी सम्मेलन-२०७६ को प्रचार-प्रसारको सिलसिलामा यस नगरपालिकाले प्रयोग गरेको सोहन प्रसाद थारुको स्वामित्वमा रहेको लु १६ च २२३५ नं. को सवारी साधन सप्तरी जिल्लाको कञ्चनरुप नगरपालिकामा दुर्घटना भई क्षति भएकोमा बिमा वापतको रकमबाट अपुग हुने रकम क्षतिपूर्तीका लागि यस नगरपालिकाबाट राहत स्वरुप रु.१००००००/- अक्षेरुपी दश लाख रुपैया (यस पूर्व लिएको पेश्की रकम फर्स्यौट हुने गरी) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४

- बुटवल चेम्बर अफ कमर्श एण्ड इन्डष्ट्रिज, रुपन्देहीको मिति २०७८/११/२९ गतेको पत्रानुसार २०७८/१२/१० गते देखि १४ गते सम्म बुटवलमा आयोजना गर्न लागिएको "कृषि मेला-२०७८" को लागि यस नगरपालिकाबाट सौजन्यता स्वरुप कार्यक्रम खर्च शीर्षकबाट रु.१०००००/- (अक्षेरुपी एक लाख) दिने निर्णय गरियो ।

निर्णय नं.-१५

- वडा नं.-१३ सेमरी स्थित करिव २ विगाहा १४ कट्ठा क्षेत्रफलको नदीउकास क्षेत्रमा निर्माण प्रस्ताव गरिएको पशु वधशाला निर्माणको लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण IEE को TOR स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.-१६

- तिलोत्तमा नगरपालिका वडा नं.-९ को गौतमबुद्ध कवर्डहलको लागि संघीय सरकार राष्ट्रिय खेलकुद परिषद्बाट रु.५००००००/- बजेट विनियोजन भएको हुँदा यस कार्यालयबाट लागत सहभागिताको २० प्रतिशत बजेट चालु आ.व.मा संघीय साझेदारी कार्यक्रमबाट म्याचिङ्ग हुने गरी योजना कार्यान्वय गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत



वासुदेव घिमिरे
नगर प्रमुख

निर्णय नं.-१७

- लुम्बिनी बौद्ध विश्वविद्यालय, विकास अध्ययन तथा प्रायोगिक विज्ञान संङ्कायको च.नं. १०२ मिति २०७८/११/२२ गतेको पत्रानुसार छात्रवृत्ति सहयोग माग भई आएकोमा यस नगरपालिकाबाट विकास व्यवस्थापन विषयमा स्नाकोत्तर अध्ययन गर्नका लागि ३ जना विद्यार्थी छनौट गरी सिफारिस गर्नुका साथै अध्ययनमा लाग्ने कूल खर्चको ५० प्रतिशत यस नगरपालिकाबाट छात्रवृत्ति स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-१८

- लुम्बिनी विशिष्टिकृत सहकारी संघ लि.को च.नं. ८३, मिति २०७८/१२/०७ गतेको पत्रानुसार यस नगरपालिकासँग शेयर लगानीका लागि प्रस्ताव माग भई आएकोमा सोही बमोजिम २० लाख बरावरको शेयर खरिदको प्रस्ताव आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-१९

- विपद् व्यवस्थापन समितिको मिति २०७८/१०/२८ गते बसेको वैठकको निर्णय नं. १, २, ३ र ४ अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-२०

- मिति २०७८/१२/१२ गते यस नगरपालिकामा जन प्रतिनिधिहरुले पद बहाली गरेको ५ वर्षे कार्यकालको उत्तरार्धमा यस नगरपालिकाको सेवा प्रवाह, विकास निर्माण, शैक्षिक गुणस्तर वृद्धि, आर्थिक समृद्धि, सामाजिक विकास, नागरिक सचेतना, पर्या-पर्यटन, हरियाली प्रवर्द्धन लगायतका विभिन्न क्षेत्रमा जनप्रतिनिधि तथा कर्मचारीहरुको संयुक्त पञ्चवर्षीय कार्य प्रगती समीक्षा कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं.-२१

- तिनाउ नदीको पहुनी घाट क्षेत्रको नदीजन्य पदार्थ उत्खनन् सम्बन्धमा सो क्षेत्र शुद्धोधन गाउँपालिका र तिलोत्तमा नगरपालिकाको साझा क्षेत्रमा पर्ने स्थान भएकोले सो क्षेत्रको नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी सम्पूर्ण कार्य तिलोत्तमा नगरपालिकाले गर्ने र स्थानीय तहले प्राप्त गर्ने राजस्वको ३५ प्रतिशत शुद्धोधन गाउँपालिका र ६५ प्रतिशत तिलोत्तमा नगरपालिकाले बाडँफाडँ गर्ने दुई पालिका विचको पूर्व सहमती बमोजिम आ.व. ०७७/०७८ मा स्थानीय तहले प्राप्त राजस्वको रु.९१,४९,७६०/- लाई शत प्रतिशत मानी सोको ३५ प्रतिशतले हुने रकम रु.३२,०२,४१६/- शुद्धोधन गाउँपालिकामा पठाउने निर्णय गरियो ।

निर्णय नं.-२२

- नेपाल सरकार, नेपाल स्वास्थ्य अनुसान्धान परिपद्को प.सं.०७७/०७८/३ मिति २०७७/०५/२९ गतेको पत्र तथा तिलोत्तमा नगरपालिका, वडा नं.-१४ को च.नं.११०६ मिति २०७८/०८/०६ गतेको पत्रानुसार श्री सरस्वती आधारभूत विद्यालयले भोगचलन गरेको क.नं.३७ (४क) २-०-० (दुई विगाह) क्षेत्रफल जग्गा नेपाल स्वास्थ्य अनुसान्धान परिपद्को प्रदेश स्तरीय अनुसान्धान शाला निर्माण प्रयोजनार्थ नेपाल सरकार मन्त्रिपरिषद्बाट

निर्णय गराउन जिल्ला प्रशासन कार्यालय, रुपन्देही लगायत अन्य सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.-२३

- लुम्बिनी प्रदेश, कृषि खाद्य प्रविधि तथा भूमी व्यवस्था मन्त्रालयको प्रकाशित सूचना बमोजिम गौशालामा आयमूलक कार्यक्रम संचालनको लागि यस न.पा.बाट २५ प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता अनुरुप कूल लागतको २५ प्रतिशत लागत साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं.-२४

चालु आ.व.०७८/०७९ को नगरसभाबाट स्वीकृत भई कार्यान्वयमा कठिनाई देखिएका देहाय बमोजिमका योजनाहरु देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

१) विभिन्न वडाहरुमा नगरसभाबाट आ.व.०७८/०७९मा एकमुष्ठ विभिन्न शीर्षकमा विनियोजित बजेट तथा कार्यक्रमहरुलाई सम्बन्धित वडा समितिको निर्णयबाट विभिन्न योजना तथा कार्यक्रममा विनियोजन भएको योजना तथा कार्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

२) बजेट शीर्षक नं.२०२०-२२-नगरमा स्वास्थ्य संस्थाहरु मर्मत संभारमा विनियोजित १० लाखलाई शंकरनगर स्वास्थ्य चौकीमा ५ लाख र करहिया स्वास्थ्य चौकीमा ५ लाखलाई बाडफाड गर्ने निर्णय गरियो ।

३) बजेट शीर्षक नं.३०१०-६-नगरस्तरमा बाल उद्यान व्यवस्थापनमा विनयोजित ९ लाखलाई मडाहा बाल उद्यान, वडा नं.-१३, सिमा नगर स्मार्ट पार्क, वडा नं.-३ र हरियाली पार्क, वडा नं.-५मा ३/३ लाखका दरले बाडफाड गर्ने निर्णय गरियो ।

४) बजेट शीर्षक नं.२०१०-८-नगरस्तरमा प्रधानाध्यापक बैठक संचालन खर्च शीर्षकमा विनयोजित रकम रु.३ लाख मध्येबाट आधारभूत तह उत्तिर्ण परीक्षा संचालनार्थ रु.२ लाख खर्च गर्ने निर्णय गरियो ।

५) बजेट शीर्षक नं.२०१०-१०-नगरस्तरमा क्यालेन्डर तथा शैक्षिक प्रोफाइल निर्माण शीर्षकमा विनयोजित रकम रु.३ लाखलाई आधारभूत तह उत्तिर्ण परीक्षा संचालनार्थ खर्च गर्ने निर्णय गरियो ।

६) तिलोत्तमा नगरपालिका वडा नं.-१ को आर्थिक वर्ष ०७८/०७९ को नगर विकास योजनाको शीर्षक नं.-३०१०-३४-वडास्तरीय जय प्रकाश भण्डारी पथ सडक स्तरोन्नती रु.१ लाख शीर्षकबाट ओम प्रकाश मार्ग शीर्षकमा परिवर्तन गर्ने निर्णय गरियो ।

७) तिलोत्तमा नगरपालिका वडा नं.-१ को आर्थिक वर्ष ०७८/०७९ को नगर विकास योजनाको शीर्षक नं.-३०१०-१६-वडास्तरीय लाहुरे पथ कालोपत्रे शीर्षकबाट १ लाख ५० हजार उज्यालो मार्ग कालोपत्रे र १ लाख ५० हजार जय शिद्धबाबा पथ शीर्षकमा परिवर्तन गर्ने निर्णय गरियो ।

८) तिलोत्तमा नगरपालिका वडा नं.-१ को आर्थिक वर्ष ०७८/०७९ को नगर विकास योजनाको शीर्षक नं.-३०१०-३३-वडास्तरीय पूर्वी प्यारामाउण्ट सडक स्तरोन्नती रु.१ लाख ५० हजार शीर्षकबाट जनप्रिय पथ शीर्षकमा परिवर्तन गर्ने निर्णय गरियो ।

९) तिलोत्तमा नगरपालिका वडा नं.-३ को तेजमिरा पथको ठेक्काबाट वचत रकम सोही पथको थप कार्य गर्ने निर्णय गरियो ।

१०) तिलोत्तमा नगरपालिका वडा नं.-३ को आर्थिक वर्ष ०७८/०७९ को नगर विकास योजनाको शीर्षक नं.-३०१०-७९-वडास्तरीय स्वर्गद्धारी पथ सडक निर्माण शीर्षकबाट रु.४ लाख प्रगती पथ अधुरो कालोपत्रे निर्माण शीर्षकमा परिवर्तन गर्ने निर्णय गरियो ।

११) तिलोत्तमा नगरपालिका वडा नं.-४ बजेट शीर्षक नं.३०१०-११९-वडास्तरीय चादनी मार्ग क लाइन सडक ग्राभेलमा विनियोजित रु.३०००००/- लाई सुनौलो नगर क लाइन कालोपत्रे थप रु.१५००००/- र सिवजी ब्लक देखि पूर्व जाने बाटो नाली ग्राभेलमा रु.१०००००/- र नमस्ते मार्ग नाली ग्राभेल थपमा रु.५००००/- बाडफाड गर्ने निर्णय गरियो ।

१२) तिलोत्तमा नगरपालिका वडा नं.-५ को आर्थिक वर्ष ०७८/०७९ को नगर विकास योजनाको शीर्षक नं.-३०१०-१४६-वडास्तरीय मुरारी पथ कालोपत्रे मर्मत शीर्षकलाई स्वतन्त्र पथ सडक पूर्वाधार शीर्षकमा परिवर्तन गर्ने निर्णय गरियो ।

१३) तिलोत्तमा नगरपालिका वडा नं.-६ को आर्थिक वर्ष ०७८/०७९ को नगर विकास योजनाको शीर्षक नं.-३०१०-१-नगरस्तरीय शीर्षकबाट रु.३ लाख आश्रीत पथ कल्भर्ट निर्माण शीर्षकमा परिवर्तन गर्ने निर्णय गरियो ।

१४) तिलोत्तमा नगरपालिका वडा नं.-६ बजेट शीर्षक नं.३०१०-२०१-वडास्तरीय कुञ्जपथ कालोपत्रे ५०/५० योजनालाई कुञ्जपथ कालोपत्रे मर्मतमा शीर्षक परिवर्तन गर्ने निर्णय गरियो

१५) तिलोत्तमा नगरपालिका वडा नं.-६ मा नेपाल सरकार अर्थ मन्त्रालयको ससर्त अनुदान तर्फको ऐतिहासिक मदरबाबा मन्दिर पूर्वाधार निर्माण र ऐतिहासिक मुडाहा बाबा मन्दिर पूर्वाधार सम्बन्धी योजना एउटै रहेको हुँदा ऐतिहासिक मुडाहा बाबा मन्दिर पूर्वाधार निर्माणमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

१६) तिलोत्तमा नगरपालिका वडा नं.-७ को आर्थिक वर्ष ०७८/०७९ को नगर विकास योजनाको शीर्षक नं. ३०१०-२१५- वडास्तरीय तिलोत्तमा नगरपालिका वडा नं.-७ को पाण्डे ग्रिल बाटो कालोपत्रे शीर्षकलाई पाण्डे ग्रिल बाटो स्टाण्डर ग्राभेलमा शीर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

१७) तिलोत्तमा नगरपालिका वडा नं.-९ बजेट शीर्षक नं.१०२०-८-वडास्तरीय आन्तरिक पर्यटन प्रवर्द्धनमा शीर्षकमा विनियोजित रु.१५००००/- लाई लेक मार्गमा कल्भर्ट निर्माणमा रु.१०००००/- र बाल संजालका बालवालिकालाई विभिन्न कार्यक्रम शीर्षकमा रु.५००००/- बाडफाड गर्ने निर्णय गरियो ।

१८) तिलोत्तमा नगरपालिका वडा नं.-९ बजेट शीर्षक नं.४०२०-३-वडास्तरीय मानव संशाधन विकासको वित्तिय चेतना अभिवृद्धि तालिम कार्यक्रममा विनियोजित रकम रु.१ लाख ज्ञानोदय टोल विकास अन्तर्गत विश्वशान्ति पथ थारु गाउँमा नाली निर्माणमा शीर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

१९) तिलोत्तमा नगरपालिका वडा नं.-९ बजेट शीर्षक नं.४०३०-१-वडास्तरीय स्थानीय तथ्याङ्क संकलन, अभिलेख र पञ्जिकरण व्यवस्थापनको स्थानीय तथ्याङ्क संकलन तथा प्रकाशन

कार्यक्रममा विनियोजित रकम रु.२ लाख ति.न.पा.-९ अन्तर्गत बाटोमा परेका पुरानो विद्युत पोल तार व्यवस्थापन शीर्षकमा परिवर्तन गर्ने निर्णय गरियो ।

२०) तिलोत्तमा नगरपालिका वडा नं.-९ बजेट शीर्षक नं.४०१०-१-वडास्तरीय सूचना प्रविधिको सूचना प्रविधि सम्बन्धी तालिम कार्यक्रममा विनियोजित रकम रु.१ लाखलाई कल्याणकारी आमा समूह भवनमा कार्पेट खरिद रु. २० हजार र नन्दन पथमा कल्भर्ट निर्माणमा रु.८० हजार बाडँफाड गरी शीर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

२१) तिलोत्तमा नगरपालिका वडा नं.-९ बजेट शीर्षक नं.४०१०-३-वडास्तरीय सूचना प्रविधिको सि.सि.टि.भी. मर्मत केवल भाडा भुक्तानी र नयाँ जडान अन्य सूचना प्रविधि कार्यक्रममा विनियोजित रकम रु.५ लाखलाई नव प्रगतिशील आमा समूह बुढीकोट भवनमा रङ्ग लगाउन तथा झ्याल ढोका मर्मतमा रु.१ लाख र सि.सि.टि.भी.मर्मत केवल भाडा भुक्तानी र नयाँ जडान अन्य सूचना प्रविधिमा बाडँफाड गरी शीर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

२२) तिलोत्तमा नगरपालिका वडा नं.-१३ बजेट शीर्षक नं.१०२०-१४-वडास्तरीय पर्यटन प्रवर्द्धनमा विनियोजित रु.१५००००/- लाई स्वास्थ्य स्वयम् सेविका अवलोकन भ्रमण कार्यक्रममा रु.७५०००/- र शैक्षिक गुणस्तर सुधार समिति टिकुलिगढलाई शैक्षिक कार्यक्रममा रु.७५०००/- बाडफाड गर्ने निर्णय गरियो ।

२३) तिलोत्तमा नगरपालिका वडा नं.-१४ बजेट शीर्षक नं. २०६० (१९) वडास्तरीय टिकुलीगढ मा.वि. पछाडीको पोखरी पुर्ने कार्यको लागि विनियोजित रु.२० लाखलाई योजना परिवर्तन गरी कोटिहवा तिनाउ सडक कालोपत्रे अधुरो योजनामा कार्यान्वयन गर्ने निर्णय गरियो ।

२४) तिलोत्तमा नगरपालिका वडा नं.-४ बजेट शीर्षक नं.३०१०-१२१-वडास्तरीय सिर्जनशील पथ कालोपत्रेमा विनियोजित रु.९०००००/- लाई दुर्गा मन्दिर देखि श्रृगेश्वर धाम जाने बाटो कालोपत्रेमा रु.१०००००/-, साइराम पथ मर्मत रु.१०००००/-, कान्तिपुर पथ मर्मतमा रु.२०००००/-, रुद्ध पथ नाली ग्राभेलमा रु.२०००००/- भोलिवल क्रिकेट फुटबल र व्याडमिन्टन खेलमा खेलाडीहरुलाई सामग्री तथा ड्रेस खरिद भुक्तानी रु.१०००००/-, आधारभूत शहरी स्वास्थ्य केन्द्र ल्याव संचालनमा रु.१२००००/- र राष्ट्रिय परिचय पत्र कार्यक्रममा खाजा नास्ता खाना तथा व्यवस्थापनमा रु.८००००/- बाडफाड गर्ने निर्णय गरियो ।

२५) तिलोत्तमा नगरपालिका वडा नं.-१४ बजेट शीर्षक नं.२०५०-१०-वडास्तरीय सुपौली ड्युहार निर्माण योजनालाई सुपौली सामुदायिक भवन निर्माणमा शीर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

२६) तिलोत्तमा नगरपालिका वडा नं.-१४ बजेट शीर्षक नं.३०२०-७ मा नगरस्तर जमुनाघाट शवदाह गृह निर्माणमा विनियोजित बजेट रु.५ लाखलाई बोहोरा मिल देखि जवरटोल/तुल्सिराम पाण्डेको घर सम्म जाने सडक मर्मतमा शीर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

२७) तिलोत्तमा नगरपालिका वडा नं.-७ बजेट शीर्षक नं.१०२०-७-वडास्तरीय पर्यटन पूर्वाधार व्यवस्थापनमा रहेको रु.१लाख ५० हजार मध्ये रु.१ लाख तिलोत्तमा-७ रुपन्देहीको मायादेवी टोल विकास संस्थामा नाली निर्माणमा शीर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

निर्णय नं.-२५

- पत्रकारिता क्षेत्रमा क्रियाशिल महिला पत्रकारहरुको संस्था संचारिका समूह रुपन्देहीको अक्षयकोष स्थापनाका लागि आर्थिक सहयोग माग भई आएकोमा संस्थागत सहयोग कार्यक्रम शीर्षकबाट रु.१०००००/- (अक्षेरुपी एक लाख) उक्त अक्षयकोष वृद्धिका लागि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-२६

- नगर खेलकुद विकास समितिको मिति २०७८/११/२६ गते बसेको बैठकको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-२७

- चालु आ.व.०७८/०७९ को नगरसभाबाट स्वीकृत नगरस्तरीय तथा वडास्तरीय सम्झौता गर्न बाँकी योजनाहरु २०७९ बैशाख २५ गते भित्र मम्झौता गरी यथाशिघ्र सम्पन्न गर्न वडा कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.-२८

- आनन्दवन, विपी ग्राम र सेमरा बजार स्वास्थ्य चौकीको स्तर उन्नती गरी १५ सैयाको अस्पताल निर्माण गर्न प्रस्ताव गरिए अनुसार संघीय सरकारबाट स्वीकृत भई आनन्दवन र विपी ग्राममा बजेट समेत विनियोजन भई चालु आर्थिक वर्षमा अस्पताल निर्माण कार्य सुरु भएको साथै सेमरा बजार स्वास्थ्य चौकीमा नगरपालिका र रोटरी क्लवको साझेदारीमा विभिन्न स्वास्थ्य उपकरण समेत खरिद गरी सकिएकोले र त्यस क्षेत्रमा विरामीको समेत चाप बढी भएको हुँदा हालको उपलब्ध जनशक्तिबाटै सेमरा बजार स्वास्थ्य चौकीमा अस्पतालको एकिकृत मेडिकल सेवा सुरु गर्न निर्णय गरियो ।

निर्णय नं.-२९

- आ.व.०७७/०७८ मिति २०७८/०३/०८ गतेको दशौ नगरसभा (दोस्रो) निर्णय नं. ६-९ र मिति २०७८/०६/०७ गतेको नगर कार्यपालिकाको निर्णय नं.-२ मा छुटेका स्वास्थ्य कर्मी, चिकित्सक, नर्सहरुलाई (विद्यालय नर्स समेत) प्रोत्साहन सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

वासुदेव घिमिरे
नगर प्रमुख